# कञ्चन गाउँपालिकाको

# आर्थिक ऐन, २०८०

## कञ्चन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय


कञ्चन-२, रुपन्देही

**Website: www.kanchanmun.gov.np**


*गाउँसभाबाट स्वीकृत मिति २०८०/०३/१३*

## कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन, २०८०

**प्रस्तावना :**

कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम कञ्चन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
  (१) यस ऐनको नाम आर्थिक ऐन, २०८० रहेको छ ।
  (२) यो ऐन २०८० श्रावण १ गते देखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **एकिकृत सम्पत्ति कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ मा उल्लेख भए बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घर जग्गा बहाल कर :** कञ्चन गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि १ बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ।

४. **पेशा व्यवसाय कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुन सुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूचि १ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुलि गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग-अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जिवजन्तु कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंह, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि १ मा उल्लेख भए वमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि १ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूचि १ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरञ्जन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि १ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क :** कञ्चन गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाट बजार वा पसल वा सडक वा बाटो किनार वा सार्वजनिक जग्गा, सोमा बनेका संरचना र विशेष मेला पर्वमा अनुसूचिमा १ बमोजिम बहाल विटौरी शुल्क लगाईने छ ।

१०. **सवारी साधन पार्किङ शुल्क :** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १ बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइ असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले कञ्चन गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्ने छ ।

११. उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्क :** कञ्चन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि १ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** कञ्चन गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि १ बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१४. अनुसूचिमा छुट भएका कर तथा राजस्वको सम्बन्धमा निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गरिएको छ ।

१५. **कर छुट** : यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । कुनै विषयमा कर छुट दिनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस विधेयकसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ ।

१७. **यसै विधेयक बमोजिम भएको मानिने** : यो विधेयक जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम वा कार्यविधि बनाउन सक्ने** : कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

१९. **साविक बमोजिम हुने** : यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुने छ ।

२०. **खारेजी** : साविकमा कञ्चन गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

## अनुसूचि-१

## आ.व. २०८०/८१ मा स्वीकृत गरिएको राजस्वको दरको विवरण

| क.स. | विवरण | स्वीकृत ०८०/८१ | |
|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क |
| | **सिफारिस** | | |
| १ | नावालक प्रमाणित सिफारिस | रु. ५०० | |
| २ | **नाता प्रमाणित सिफारिस** | | |
| | क. नाता प्रमाणित सिफारिस (अंग्रेजी) | रु.१००० | |
| | ख. नाता प्रमाणित सिफारिस (नेपाली) | रु.३०० | |
| | ग. नाता प्रमाणित सिफारिस (पेन्सन प्रयोजन) | रु.५०० | |
| ३ | मुचुल्का शुल्क सामान्य | १००० | |
| ४ | मुचुल्का शुल्क अन्य | ३००० | |
| | *मुचुल्का बापत प्राप्त जम्मा राजस्व रकमको ५० प्रतिशत रकम मुचुल्का गराउने कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।* | | |
| ५ | जग्गा कागज, सवारी साधन विक्री कागज, लिजको कागज | | |
| | *कागज बनाए बापत प्राप्त जम्मा राजस्व रकमको ५० प्रतिशत रकम कागज गराउने कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।* | | |
| ६ | सँस्था दर्ता सिफारिस | रु.३०० | |
| ७ | कोठा खाली गर्ने सिफारिस | रु.५०० | |
| ८ | नयाँ बाटो खोल्न सिफारिस प्लटिङ्ग | रु.५००० | |
| ९ | नयाँ बाटो खोल्न सिफारिस | रु.३००० | |
| १० | बाटो कायम सिफारिस | रु.१००० | |
| ११ | मुद्दा चलेको आयस्रोत कम भएको सिफारिस | निशुल्क | |
| १२ | घर भत्किएको सिफारिस | निशुल्क | |
| १३ | बसाइसराइ गरी आउने सिफारिस | रु.५०० | |
| १४ | अपाङ्ग परिचय पत्र सिफारिस | निशुल्क | |
| १५ | आर्थिक स्रोत कम भएको सिफारिस | निशुल्क | |
| १६ | वार्षिक आम्दानी विवरण आम्दानीको ०.३ प्रतिशत | ०.००३ | |
| १७ | *सम्पत्ति मूल्यांकन सिफारिस ५० लाख सम्म रु ३०००।र सोभन्दा माथि १ करोड सम्म रु ५०००/ तथा सो भन्दा माथी प्रति लाख १०० थप* | | |
| १८ | करचुक्ता सिफारिस | रु.१००० | |
| १९ | व्यवसाय बन्द सिफारिस | रु.५०० | |
| २० | छात्रबृत्ति सिफारिस | निशुल्क | |
| २१ | विवाह प्रमाणित | रू.५०० | |
| २२ | जन्ममिति प्रमाणित | रु.२०० | |
| २३ | धारा जडान सिफारिस | रु.१०० | |
| २४ | विद्युत सिफारिस | रु.१०० | |
| २५ | कृषि विद्युत मिटर सिफारिस | नि:शुल्क | |
| २६ | बसोवास सिफारिस | रु.७०० | |
| २७ | अविवाहित सिफारिस | ५०० | |
| २८ | कित्ताकाट सिफारिस (अंशवण्डा प्रयोजन) | रु.५०० | |
| २९ | कित्ताकाट सिफारिस (व्यवसायिक प्रयोजन) | रु. १००० | |
| ३० | नागरिकता सिफारिस | २०० | |
| ३१ | नागरिकता सिफारिस (प्रतिलिपि) | ५०० | |

| | | | |
|---|---|---|---|
| ३२ | पेन्सन सिफारिस (नेपाल) | ५०० | |
| ३३ | पेन्सन सिफारिस (भारत) | ३००० | |
| ३४ | पेन्सन सिफारिस तेस्रो (मुलुक) | ५००० | |
| ३५ | नाम थर फरक सिफारिस | ३०० | |
| ३६ | फरक अंग्रेजी हिज्जे | ३०० | |
| ३७ | तिन पुस्ते प्रमाणित | ३०० | |
| ३८ | फरक जन्ममिति प्रमाणित | ३०० | |
| | **चारकिल्ला सिफारिस** | | |
| ३९ | **बैंक प्रयोजन** | रु.५०० | |
| ४० | **बिक्री प्रयोजन** | | |
| | जग्गामा खरिद बिक्रि को लागि चार किल्ला सिफारिस गर्दा मालपोत मुल्याङ्कनको बिक्रि हुने जग्गाको मात्र | ०.३०% | |
| | **अन्य दस्तुर** | | |
| ४१ | जग्गा प्लानिङ्ग अनुमति दस्तुर | रु.२५००० | |
| | **विभिन्न प्रकारका धुरीकरहरु** | | |
| ४२ | धुरीकर खर | रु.५० | |
| ४३ | धुरीकर खपडा/टाली/टिन | रु.१०० | |
| ४४ | धुरीकर पक्कि घर | रु.३०० | |
| ४५ | धुरीकर पक्की घर १ तला माथी प्रत्येक तला थप | रु.२०० | |
| | **अव्यवस्थित जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने** | | |
| ४६ | सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.४००००० | |
| ४७ | बनकसिया गरगरे भैसाही कोठी पुल सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ४८ | वरपिपल चोक देखि पुर्तिघाट हुँदै रुद्रपुर मा वि हुदै धौलागिरी चोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.४००००० | |
| ४९ | हरैया झलवा पच्चिस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.४००००० | |
| ५० | पिपरीचापा चौपारी हुदै घनश्याम चोक सम्मको सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५१ | पिपरीचापा -भैसाही- पच्चिस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५२ | लौसा कुचेरा दानापुर सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५३ | अक्सफोर्ड कुचेरा रातडाँडा बासगढी सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५४ | दानापुर पुलदेखि गजेडी गाउँसम्म सडक | रु.३००००० | |
| ५५ | कुत्ता वसन्तफुलवारी कमलचोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५६ | थकालीचेक सरस्वती मा वि पच्चस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५७ | डायरीचोक राधाकृष्ण मन्दिर दुर्गा मन्दिर लखनचोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ५८ | **क.** फायरलइन- प्रतापपुर- हरैया-हनुमान नगर सडक मोहडामा पर्ने जग्गाको प्रति कठ्ठा | रु.६००००० | |
| ५९ | **ख.** "क" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु.४००००० | |
| ६० | **ग.** "ख" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ६१ | **घ.** सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु.४००००० | |
| ६२ | **ङ.** "घ" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु.३००००० | |
| ६३ | **च.** बासगडी -बेलवरिया-सुर्यपुरा सडक, बेलभरिया-बकुलगाढ-हात्तीबजार, बासगडी गजेडी मसिना भैरमघाट -हरैया सडक र बनकसिया गरगरे भैसाही कोठीपुल सडक का मोहडको जग्गा प्रति कठ्ठा | रु.५००००० | |
| ६४ | **छ.**माथि उल्लेखित सडक बाहेक अन्य सडकमा पर्ने जग्गाको मोहडा प्रति कठ्ठा | रु.२५०००० | |

| | | | |
|---|---|---|---|
| ६५ | ज. बाटो नभएको भित्रि जग्गा प्रति कट्ठा | रु.२००००० | |
| मालपोत शुल्क भुमिकर | | | |
| ६६ | २ कट्ठा सम्म | १०० | |
| | २ देखि ५ कट्ठा सम्म | २०० | |
| | ५ देखि १० कट्ठा सम्म | ५०० | |
| | १० कट्ठा देखि माथि प्रति कट्ठा थप | ५० | |
| छुट कित्ता दर्ता सफारिस | | | |
| ६७ | न्युनतम १ कट्ठा सम्मको छुट कित्ता सिफारिस न्युनतम | रु.२००० | |
| | १ कट्ठा भन्दा माथि थप प्रति कट्ठा | रु.१००० | |
| बकस पत्र तर्फ | | | |
| ६८ | बकस पत्र सिफारिस न्युनतम १ कट्ठा सम्म | रु.१००० | |
| | १ कट्ठा भन्दा माथि थप प्रति कट्ठा | रु.५०० | |
| शेष पछिको बकस पत्र सिफारिस | | | |
| ६९ | बकस पत्र सिफारिस न्युनतम १ कट्ठा सम्म | रु.५००० | |
| ७० | १ कट्ठा भन्दा माथि प्रति कट्ठा | रु.५०० | |
| ७१ | जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी | रु.५०० | |
| ७२ | जग्गा धनि प्रमाण पत्र लिन सिफारिस | रु.५०० | |
| ७३ | जग्गा नामसारी तथा अँशबण्डा सिफारिस (५ कट्ठा सम्म) | रु.३५०० | |
| ७४ | जग्गा नामसारी तथा अँशबण्डा सिफारिस (५ कट्ठा माथि प्रति कट्ठा) | | |
| ७५ | घर कायम सिफारिस | रु.१००० | |
| ७६ | मोही लगत कट्टा सिफारिस | रु.१५०० | |
| व्यवसाय कर तर्फ | | | |
| ७७ | मदिरा थोक बिक्रेता | रु.८००० | रु.५००० |
| ७८ | मदिरा खुद्रा (फूटकर) बिक्रेता | रु.३००० | रु.२००० |
| ७९ | जिम हाउस दर्ता शुल्क तथा नविकरण सुल्क | रु.३५०० | रु.२००० |
| ८० | होटेल गेष्ट हाउस सहित दर्ता शुल्क तथा नविकरण सुल्क | रु.६००० | रु.३००० |
| ८१ | रेष्टुरेण्ट दर्ता शुल्क तथा नविकरण शुल्क | रु.२५०० | रु.१५०० |
| ८२ | होटल रेष्टुरेन्ट स्विमिङ पुल सहित दर्ता सुल्क तथा नविकरण सुल्क | रु.१०००० | रु.७००० |
| ८३ | मिष्ठान्न भण्डार दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| ८४ | निजी डेरी दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| ८५ | चिया पसल दर्ता तथा नवीकरण | रु.१००० | रु.५०० |
| ८६ | पार्टि प्यालेस दर्ता शुल्क तथा नविकरण शुल्क | रु.५००० | रु.२५०० |
| ८७ | क्याटरिङ्ग/टेन्ट हाउस दर्ता शुल्क तथा नविकरण शुल्क | रु.५००० | रु.३००० |
| ८८ | पुल हाउस दर्ता तथा नवीकरण सुल्क | रु.५००० | रु.३००० |
| ८९ | छापाखाना दर्ता | रु.४००० | रु.२००० |
| ९० | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | रु.४००० | रु.२००० |
| ९१ | व्यसायिक फर्म दर्ता शुल्क | रु.२००० | रु.१००० |
| ९२ | सवारी साधन पार्टस बिक्री वितरण | रु.५००० | रु.२५०० |
| ९३ | सवारी साधन मर्मत ग्यारेज (चार पाङ्ग्रे) | रु.५००० | रु.२५०० |
| ९४ | सवारी साधन मर्मत ग्यारेज (तिन पाङ्ग्रे/मोटरसाइकल) | रु.२५०० | रु.१५०० |
| ९५ | रिकण्डिसन हाउस | रु.२००० | रु.१००० |
| ९६ | फ्रेस हाउस मासु पसल दर्ता | रु.२००० | रु.१००० |
| ९७ | लेखापढि व्यवसायी सुचिकृत वार्षिक | रु.२५०० | रु.१५०० |
| ९८ | हेभी इक्युपमेण्ट सुचिकृत वार्षिक डोजर लोडर एक्साभेटर लगायतका | रु.१०००० | रु.७००० |
| ९९ | सुनचाँदी पसल | रु.४००० | रु.२००० |
| १०० | रिङ्ग टायल ब्लक उधोग | रु.४००० | रु.२००० |

| | | | |
|---|---|---|---|
| १०१ | सेलर मिल | रु.५००० | रु.३००० |
| १०२ | लुगा सिलाउने (टेलरिङ्ग) पसल दर्ता | रु.२००० | रु.१००० |
| १०३ | लुगा सिलाउने (टेलरिङ्ग) कपडा बिक्री समेत पसल दर्ता | रु.५००० | रु.२५०० |
| १०४ | कपाल काट्ने (सैलुन) दर्ता | रु.२००० | रु.१००० |
| १०५ | फोटो स्टुडियो दर्ता | रु.२००० | रु.१००० |
| १०६ | जेट मेसिन धान काट्ने | | |
| १०७ | कवाडी पसल दर्ता | रु.३००० | रु.२००० |
| १०८ | सेनेटरी दर्ता | रु.३००० | रु.२००० |
| १०९ | मिनि मार्केट दर्ता | रु.३००० | रु.२००० |
| ११० | घुम्ती व्यवसाय कर (चार पाङग्रे सवारी साधन प्रयोग गर्ने) | | |
| १११ | घुम्ती व्यवसाय कर (मोटर साइकल, अटो रिक्सा, लगायत अन्य सवारी सधान प्रयोग गर्ने) | | |
| ११२ | अन्य घुम्ती व्यवसाय कर (साइकल) | १००० | |
| ११३ | कम्पनी शेयर बिक्री सिफारिस | १००० | |
| | **संस्था दर्ता** | | |
| ११४ | आमा समूह दर्ता शुल्क | रु.२००० | रु.१००० |
| ११५ | युवा क्लब दर्ता शुल्क | रु.२००० | रु.१००० |
| | **कृषि तथा पशु** | | |
| ११६ | कृषक समूह/कृषि फर्म दर्ता | रु.१००० | रु.५०० |
| ११७ | रासायनिक मल बिक्रेता सूचि दर्ता | रु.२००० | रु.१००० |
| | **अस्पताल तथा औषधि पसल** | | |
| ११८ | अस्पताल | रु.५००० | रु.३००० |
| ११९ | पोलिक्लिनिक | रु.५००० | रु.३००० |
| १२० | फार्मेसी सम्बन्धी पसल | रु.४००० | रु.२५०० |
| १२१ | ल्याब प्रयोगशाला | | |
| १२२ | उत्पादक दर्ता तथा नवीकरण | रु.५००० | रु.३००० |
| १२३ | वितरक दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| १२४ | खुद्रापसल दर्ता तथा नवीकरण | रु.१५०० | रु.१००० |
| १२५ | डेन्टल क्लिनिक दर्ता तथा नवीकरण | रु.२५०० | रु.१५०० |
| १२६ | चस्मा पसल दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| | **आर्युवेदिक औषधि पसल** | | |
| १२७ | थोक बिक्रेता दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| १२८ | खुद्रा बिक्रेता दर्ता तथा नवीकरण | रु.१५०० | रु.१००० |
| | **एग्रोभेट पसल दर्ता तथा नवीकरण** | | |
| १२९ | थोक बिउविजन जन्य पसल दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| १३० | खुद्रा बिउविजन जन्य पसल दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| | **बैंक तथा वित्तिय संस्था तर्फ** | | |
| १३१ | "क" वर्गको बैंक बार्षिक शुल्क | रु.७००० | रु.५००० |
| १३२ | "ख" वर्गको बैंक बार्षिक शुल्क | रु.५००० | रु.३००० |
| १३३ | "ग" वर्गको बैंक बार्षिक शुल्क | रु.४००० | रु.२५०० |
| १३४ | लघु वित्त फाइनान्स बार्षिक शुल्क | रु.३५०० | रु.२५०० |
| १३५ | बहुउद्देश्यीय सहकारी संस्था वार्षिक शुल्क | रु.३५०० | रु.२५०० |
| १३६ | वचत तथा ऋण सहकारी संस्था बार्षिक शुल्क | रु.३००० | रु.२५०० |
| १३७ | महिला, पशु तथा कृषि सहकारी संस्था बार्षिक शुल्क | रु.२५०० | रु.२००० |
| १३८ | रेमिट (विप्रेषण केन्द्र) दर्ता शुल्क | रु.२५०० | रु.२००० |
| | **स्टेशनरी पसल तर्फ** | | |
| १३९ | थोक स्टेशनरी पसल दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |

| | | | |
|---|---|---|---|
| १४० | खुद्रा स्टेशनरी पसल दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| १४१ | आर्ट पसल दर्ता तथा नवीकरण | रु.१५०० | रु.१००० |
| | **मोवाइल पसल तर्फ** | | |
| १४२ | मोवाइल पसल/मर्मत पसल दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| १४३ | फोटोग्राफर तथा गाफिक्स भिडियो पसल दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| | **कस्मेटिक्स तर्फ** | | |
| १४४ | कस्मेटिक पसल दर्ता तथा नवीकरण | रु.२५०० | रु.१५०० |
| १४५ | ब्युटी पार्लर दर्ता तथा नवीकरण | रु.२००० | रु.१००० |
| १४६ | कस्मेटिक र फेसीज सहित व्युटीपार्लर दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| | **फर्निचर तर्फ** | | |
| १४७ | फर्निचर उद्योग दर्ता तथा नवीकरण | रु.७००० | रु.५००० |
| १४८ | फर्निचर सो रुम दर्ता तथा नवीकरण, होम डेकोर समेत | रु.३००० | रु.२००० |
| | **फेन्सी तथा कपडा पसल** | | |
| १४९ | कपडा तथा फेन्सी पसल दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| १५० | जुत्ता पसल तथा उद्योग दर्ता तथा नवीकरण | रु.२५०० | रु.१५०० |
| | **इलेक्ट्रिक पसल** | | |
| १५१ | इलेक्ट्रिक पसल दर्ता तथा नविकरण | रु.२५०० | रु.१५०० |
| १५२ | इलेक्ट्रोनिक्स पसल दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| | **सवारी साधन तर्फ** | | |
| १५३ | मोटरसाइकल सो रुम तथा मर्मत दर्ता तथा नविकरण | रु.५००० | रु.३००० |
| १५४ | साइकल सो रुम तथा मर्मत दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| १५५ | साइकल मर्मत पसल दर्ता तथा नविकरण | रु.१५०० | रु.१००० |
| १५६ | छड सिमेन्ट हार्डवेयर लगायत मेसिनरी पेन्टस, सेनेटरी, मार्वल तथा प्लाई पसल दर्ता तथा नवीकरण | रु.८००० | रु.५००० |
| १५७ | सेनेटरी मार्बल पसल दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| १५८ | पेन्टस पसल दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| १५९ | प्लाई पसल दर्ता तथा नविकरण | रु.३००० | रु.२००० |
| १६० | पेट्रोलियम तर्फ दर्ता तथा नवीकरण | रु.६००० | रु.४००० |
| १६१ | ग्याँस, चुलो डिलर दर्ता तथा नवीकरण | रु.२००० | रु.१००० |
| | **खाद्यन्न तर्फ** | | |
| १६२ | खाद्य सप्लायर्स दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| १६३ | गल्ला थोक दर्ता तथा नवीकरण | रु.४००० | रु.३००० |
| १६४ | खाद्यान्न किराना थोक दर्ता तथा नवीकरण | रु.२५०० | रु.१५०० |
| १६५ | साना किराना पसल दर्ता तथा नवीकरण | रु.१५०० | रु.१००० |
| १६६ | आलु प्याज लसुन लगायत तरकारी फलफुल थोक पसल दर्ता तथा नवीकरण | रु.२००० | रु.१००० |
| १६७ | आलु प्याज लसुन लगायत तरकारी फलफुल खुद्रा पसल दर्ता तथा नवीकरण | रु.१००० | रु.५०० |
| | **निर्माण व्यावसायी तर्फ** | | |
| १६८ | मिक्चर, भाईब्रेटर, सटरिङ्ग सामान सहित निर्माण व्यवसायी दर्ता तथा नवीकरण | रु.५००० | रु.४००० |
| १६९ | सटरिङ्ग मात्र भएको निर्माण व्यवसायी दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| १७० | घ वर्गको निर्माण व्यवसायी इजाजत प्रदान तथा नवीकरण | रु.३०००० | रु.२०००० |
| | **उद्योग तर्फ** | | |
| १७१ | ईट्टा उद्योग दर्ता तथा नवीकरण | रु.२०००० | रु.१५००० |
| १७२ | घरेलु उद्योग दर्ता तथा नवीकरण | रु.२००० | रु.१५०० |
| १७३ | ग्रील तथा आल्मुनियम उद्योग दर्ता तथा नवीकरण | रु.५००० | रु.३००० |
| १७४ | ठुला उद्योग दर्ता तथा नवीकरण | रु.१५००० | रु.१०००० |
| | **सञ्चार माध्यम तर्फ** | | |

| | | | |
|---|---|---|---|
| १७५ | एफ/एम दर्ता तथा नवीकरण | रु.५००० | रु.३००० |
| १७६ | टि भी च्यानल सन्चालन दर्ता तथा नवीकरण | रु.७००० | रु.५००० |
| १७७ | केबुल सन्चालन दर्ता तथा नबीकरण | रु.५००० | रु.३००० |
| १७८ | पत्रपत्रिका दर्ता तथा नवीकरण | रु.३००० | रु.२००० |
| | **शिक्षा तर्फ** | | |
| | *सञ्चालन अनुमति सामूदायिक तर्फ* | | |
| १७९ | आधारभुत तह सम्म शुल्क | रु.२५०० | |
| १८० | मा. वि. तह सम्म शुल्क | रु.३५०० | |
| | *सञ्चालन अनुमति संस्थागत तर्फ* | | |
| १८१ | आधारभुत तह सम्म प्रति कक्षा | रु.२५००० | |
| १८२ | मा. वि. तर्फ प्रति कक्षा | रु.३५००० | |
| १८३ | विद्यालय ठाउँसारी | रु.७००० | |
| १८४ | नामसारी र नाम परिवर्तन | रु.५००० | |
| | *क्याम्पस तर्फ (निजि)* | | |
| १८५ | निजि क्याम्पस | रु.७००० | |
| | *अन्य संचालन अनुमति* | | |
| १८६ | प्राविधिक शिक्षा निजि | रु.५००० | |
| १८७ | एजुकेशनल कन्सल्टेन्सी (भाषा कक्षा) | रु.७००० | रु.४००० |
| १८८ | ड्राईभिङ्ग इन्सीच्युट | रु.५००० | रु.३००० |
| | **शिक्षक सरुवा अनुमति** | | |
| | *गाउँपालिका भित्र* | | |
| १८९ | आधारभुत तह सम्मको | रु.२००० | |
| १९० | माध्यमिक तह सम्मको | रु.३००० | |
| | *जिल्ला भित्र (अन्तर स्थानीय तह)* | | |
| १९१ | आधारभुत तह सम्मको | रु.३००० | |
| १९२ | माध्यमिक तह सम्मको | रु.४००० | |
| | **जिल्ला बाहिर** | | |
| १९३ | आधारभुत तह सम्मको | रु.७००० | |
| १९४ | माध्यमिक तह सम्मको | रु.१०००० | |
| | **शिक्षा तर्फ अन्य** | | |
| १९५ | प्रासाङक रिटोटलिङ्ग प्रति विषय | रु.१०० | |
| १९६ | ग्रेड सिट सच्याउने शुल्क | रु.२०० | |
| १९७ | ग्रेड सिट प्रतिलिपि | रु.५०० | |
| १९८ | अस्थायी, करार, अनुदान शिक्षकको नियुक्ति, समर्थन तथा अभिलेखीकरण | रु.५०० | |
| | **सवारी साधन तर्फ दर्ता बार्षिक कर शुल्क** | | |
| १९९ | बस | रु.२००० | रु.२००० |
| २०० | बस मिनि बस नामसारी सिफारिस | रु.५०० | |
| २०१ | कार जिप भ्यान | रु.१००० | रु.१००० |
| २०२ | टेक्टर | रु.२००० | रु.२००० |
| २०३ | ठेला टांगा रेक्सा | रु.१०० | रु.१०० |
| २०४ | ई-रेक्सा/अटो रिक्सा | रु.१००० | रु.५०० |
| २०५ | टिप्पर / ट्रक | रु.३००० | रु.३००० |
| | *पुनश्चः गाउँपालिकामा दर्ता भई बार्षिक सवारी कर बुझाएका माथि उल्लेखित सवारी साधनलाई पटके कर लाग्ने छैन ।* | | |
| २०६ | यस कञ्चन गाउँपालिका क्षेत्रबाट माटो बालुवा मिस्कट गिट्टी निकासि एवं ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति घनफिट शुल्क रु.२ र १३ प्रतिशत भ्याट लिने | | |
| २०७ | गिट्टी, बालुवा, माटो अवैध निकासी, पैठारी, उत्खनन वापत जरिवाना शुल्क | | |

| | | | |
|---|---|---|---|
| | ट्र्याक्टर | रु.५००० | |
| | टिपर | रु.१०००० | |
| | जेसिवि | रु.१५००० | |
| | *नोटः प्रत्येक पटकको अवैध निकासी, पैठारी, उत्खनन वापत*<br>*पहिलो पटकको जरिवाना शुल्क : शुरू शुल्कको थप ५० प्रतिशत*<br>*द्रोस्रो पटक थप १०० प्रतिशत*<br>*तेस्रो पटक थप १५० प्रतिशत र सोही अनुपातमा प्रत्येक पटकको जरिवाना बढ्नेछ*<br>*यसरी संकलन भएको अवैध निकासी, पैठारी, उत्खनन वापतको जरिवाना शुल्कको २५ प्रतिशत रकम सुरक्षाकर्मीलाई प्रोत्साहनस्वरूप उपलब्ध गराइनेछ ।* | | |
| २०८ | *अन्य स्थानीय तहबाट यस गाउँपालिकाभित्र अवैधानिक रुपमा माटो बालुवा मिस्कट गिट्टी पैठारी भएको खण्डमा माथि १८२ बमोजिम शुल्क लिने* | | |
| २०९ | ईट्टा संकलक तथा बिक्रि डिपो | रु.५००० | रु.३००० |
| २१० | निर्माण सामग्री सप्लायर्स | | |
| २११ | **विज्ञापन दर**<br>कसैले यस गाउँपलिका भित्र सार्वजिनक जग्गामा होडश्ङ्ग वोर्ड साईन वोर्ड पम्पलेट पोस्टर जस्ता विज्ञापन सामग्री हरु राखेमा निम्न वमोजिमको बार्षिक विज्ञापन कर लिईने छ ।<br>*क. होडिङ्ग वोर्ड प्रति बर्ग फिट - रु. ५०/-*<br>*ख. साईन वोर्ड प्रति बर्ग फिट - रु. २०/-*<br>*ग. भित्तेलेखन प्रति बर्ग फिट - रु. २०/-*<br>*घ. व्यानर प्रति गोटा - रु. २०/-* | | |
| २१२ | मेला महोत्सव भित्र सर्कस पिङग लगायताको मनोरञ्जनको स्विकृतीका लागि प्रत्येक कार्यक्रमको लागि | रु.५००० | |
| २१३ | **हाट बजार तर्फ** | | |
| | हाटबजार ताल तलैया गाउँपालिका मातहतमा रहने र हाट बजार ताल तलैया सार्वजनिक सम्पतिको भाडा गाउँपालिकाका ठेक्का बाहेककोमा कुल अंकको | | |
| | **घरनक्सा पास दस्तुर** | | |
| २१४ | ***क. नयाँ घर प्रति स्क्वायर फिट***<br>*- मुल सडकमा रु. ५*<br>*- भित्री सडक रु. ३*<br>***ख. पुरानो भवनको लागि रु. ३***<br>***ग. कृषि प्रयोजनको लागि निर्माण हुने टहराको लागि रु. १***<br>*- कन्सल्टेन्सी प्रति घर अनुसार रु.३००/*<br>*घर नक्सा पास किताब रू.५००/-* | | |
| २१५ | इन्जनियरिङ्ग कल्सन्टेन्सी दर्ता तथा नवीकरण | रु.३००० | रु.१५०० |
| २१६ | सामुदायिक वनको वार्षिक आम्दानीको | | |
| २१७ | साझेदारी वनको हिस्सेदारीको आधारमा | | |
| २१८ | इन्जनियरिङ्ग कल्सन्टेन्सी सुचिकृत | रु.२००० | |
| | **अव्यवस्थीत जग्गा को कर सम्बन्धमा** | | |
| २१९ | अव्यवस्थीत जग्गा को खरिद बिक्रिमा खरिद मुल्यको १.५ प्रतिशत कर लिने | | |
| २२० | अव्यवस्थीत जग्गा नापजाच र प्रमाण पत्र वितरणको लागी पछि निर्णय भए बमोजिम हुनेछ । | | |
| | **अन्य करहरु** | | |
| २२१ | ईन्टरनेट कम्पनी सञ्चालन दस्तुर | रु.५००० | रु.३००० |
| २२२ | जग्गा नाँपजाँच र कायम प्रति कित्ता | रु.२००० | |
| २२३ | घुम्ती राईस मिल | रु.३००० | रु.२००० |
| २२४ | घुम्ती सिरक डसना मिल | रु.३००० | रु.२००० |
| २२५ | टयाङ्की व्यवसायी | रु.१००० | रु.५०० |
| २२६ | अन्य माथि उल्लेख नभएको पसलहरुको हकमा | रु.१००० | रु.५०० |

| | | | |
|---|---|---|---|
| २२७ | **वडा कार्यालयमा गरिने लेनदेन व्यवहार सम्बन्धी** | | |
| | क. रू. ५० लाखसम्म (लेनदेन कारोबार मूल्यको) | १% | |
| | ख. रू. ५० लाख देखि माथि १ करोडसम्म (लेनदेन कारोबार मूल्यको) | १% | |
| | ग. रू. १ करोड देखि माथि (लेनदेन कारोबार मूल्यको) | १% | |
| माथि उल्लेख भएको मोहडा जग्गा भन्नाले (३० फिट*१२१ फिट) लाई मानिने छ । | | | |

*गत विगत लामो समय पहिले देखि गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसाय मिति २०८० असोज मसान्तभित्र गाउँपालिकामा नविकरण हुन आएमा गत २ वर्षसम्मको कर तथा जरिवाना शुल्क लाग्ने छैन । तत्पश्चात सबै कर तथा जरिवाना नियमानुसार तिर्नुपर्ने छ*